पाठ ५५

१. फरिसीहरू येशूलाई किन घृणा गर्थे ?
- किनभने येशूले तिनीहरूलाई आफू उद्धारकर्ता परमेश्वर हुँ भन्नुभएको थियो ।

२. फरिसीहरू अरू के कारणले येशूलाई घृणा गर्थे ?
- किनभने येशूले तिनीहरूलाई भन्नुभयो कि तिनीहरू पापी हुन् र यदि तिनीहरूले पश्चात्ताप गरेनन् भने परमेश्वरले तिनीहरूलाई दण्ड दिनुहुनेछ ।

३. अरू के कारणले यहूदीहरू येशूलाई घृणा गर्थे ?
- किनभने धेरै मानिसहरूले येशूलई पछ्याउँथे यस कारणले फरिसीहरू येशूसँग डाहले मर्थे ।

४. यदि येशूले परमेश्वरको एउटै वचन उल्लङ्घन गर्नुहुन्थ्यो भने फरिसीहरूले के गर्नेथिए ?
- तिनीहरूले येशूलाई निन्दा गरेर मार्नेथिए ।

५. के येशूले परमेश्वरको एउटै वचन उल्लङ्घन गर्नुभयो ।
- भएन ।

६. येशूले किन परमेश्वरको एउटै वचन उल्लङ्घन गर्नुभएन ।
- किनभने येशू सिद्ध हुनुहुन्छ ।
- किनभने येशू परमेश्वर हुनुहुन्छ ।
- किनभने येशू पापरहित हुनुहुन्छ ।
- किनभने येशूले पिता परमेश्वरको वचन पालन गर्नुभयो ।

७. येशूले किन फरिसीहरूले भनेको मान्नुभएन ।
- किनभने फरिसीहरूले परमेश्वरको वचन परवर्तन गर्थे ।

८. फरिसीहरूले कसरी परमेश्वरको वचन परिवर्तन गर्थे ?
- फरिसीहरूले परमेश्वरको आज्ञामा आफ्नै नियम थप्थे, तिनीहरूले परमेश्वरको वचनलाई झूठो बनाउने कोशिशस गर्थे ।

९. येशू किन फरिसीहरूसँग रिसाउनुभएको थियो ?
- किनभने येशूले फरिसीहरूको हृदय कठोर भएको देखुभएको थियो ।

१०. तिनीहरूको हृदय कठोर छ भन्ने कुरा येशूलाई कसरी थाहा भयो ?
- किनभने येशू हरेक मानिसको हरेक हृदय जाँच गर्न सक्नुहुन्छ ।
- किनभने येशूलाई हरेक मानिसको हरेक हृदय थाहा छ ।

११. येशूले त्यस मानिसको उपचार गरेपछि फरिसीहरूले के गरे ?
- फरिसीहरू सभाघरबाट बाहिर निस्किए र येशूलाई कसरी मार्ने भनी षड्यन्त्र लागे ।

१२. जब भूतहरूले येशूलाई भेटे तब तिनीहरूले येशूलाई किन परमेश्वरका छोरा भने ?
- किनभने भूतहरूलाई येशू पिता परमेश्वरबाट आउनुभएको हो भन्ने थाहा थियो ।

१३. भूतहरूले तपाईंले येशूलाई विश्वास गर्नुहोस् भन्ने किन चाहदैनन् ?
- किनभने तिनीहरू तपाईंमा आफ्नो शक्ति ह्रास भएको चाहदैनन् ।

१४. उहाँलाई पछ्याउने मानिसहरूमध्येबाट येशूलाई कतिजनलाई उहाँका चेला हुन छान्नुभयो ?
- बाह्रजना ।

१५. ती बाह्रजना मानिस के कहलाइए ?
- प्रेरित ।

- आफ्ना बाह्रजना चेलाहरू छानिसकेपछि येशूले मानिसहरूलाई शिक्षादिन जारी राख्नुभयो ।

आउनुस् मर्कूस् ४:१ पद पढौं ।

अर्को समय, येशू समुद्रको किनारमा हुनुहुन्थ्यो अनि मानिसहरूलाई उपदेश दिन लाग्नु भयो। धेरै धेरै मानिसहरू येशूको वरिपरि भेलाभए। यसर्थ येशू समुद्रमा एउटा डुङ्गामा चढ्नु भयो, अनि त्यहाँ बस्नुभयो। सबै मानिसहरू समुद्रको किनारमा नै रहे।

- भीडको कारणले गर्द येशू तालमा एउटा डुङ्गामा बस्नुभयो ।

- येशूले डुङ्गामा बसेर शिक्षा दिनुभयो र मानिसहरूले किनारामा बसेर सुने ।

आउनुस् मर्कूस ४:२क पद पढौं ।

येशूले डुङ्गाबाट शिक्षा दिनु भयो। येशूले तिनीहरूलाई दृष्टान्तको उपयोग गरेर धेरै कुराहरू सिकाउनु भयो।

- येशूले मानिसहरूलाई दृष्टान्तमा शिक्षा दिनुभयो ।

- दृष्टान्त के हो ?

- दष्टान्त त्यस्तो कथा हो जसले परमेश्वरको सत्यलाई बताउँछ ।

- येशूले किन मानिसहरूलई दृष्टान्तमा शिक्षा दिन थाल्नुभयो ?
- यद्यपि धेरै मानिसहरूले येशूलाई पछ्याउँथे तर तिनीहरूमध्ये धेरैले उहाँलाई विश्वास गर्दैनथे ।

- यद्यपि धेरै मानिसहरूले येशूलाई पछ्याउँथे तर तिनीहरूमध्ये धेरैले उहाँको शिक्षामा विश्वास गर्दैनथे ।

- धेरै मानिसहरू उहाँले रोगीहरू निको पारेको देखेर येशूलाई पछ्याउँथे तर तिनीहरू उहाँको शिक्षामा विश्वास गर्दैनथे ।

- येशूले शिक्षा दिइरहनुहुँदा उहाँले मानिसहरूलाई एउटा दष्टान्त भन्नुभयो ।

- येशूले मानिसहरूलाई बीउ छर्नेको दृष्टान्त भन्नुभयो ।

मर्कूस ४:२ख-१२ पद पढौं ।

उहाँले भन्नुभयो, [3] "सुन! एकजना किसान बीऊ छर्न गयो। [4] जब त्यसले बीऊहरू छर्यो केही बीऊहरू
बाटोमा छरियो, चराचुरूङ्गीहरू आए, अनि ती बीऊहरू खाईदिए। [5] केही बीऊहरू चट्टान भएको
भूईंमा छरिए जहाँ त्यत्ति माटो थिएन। माटोको गहिराई नभएकोले त्यहाँ छिट्टै ती बिरूवाहरू
उम्रे। [6] तर जब घाम लाग्यो, ती बिरुवाहरू ओइलाएर सुकीगए किनभने तिनीहरूको जरा त्यत्ति
गहिरोसम्म थिएन। [7] कतिपय बीऊहरू काँडाघारीमा पर्यो, जब काँडाहरू बढे आए, ती बिरूवाहरूलाई
त्यसले राम्ररी बढ्न दिएन। अनि ती बिरूवाहरूमा फल लाग्न सकेन। [8] केही बीऊहरू राम्रा माटोमा
परे, राम्रा माटोमा ती उम्रिए। ती बढे अनि फल दिनसक्ने भए, केही बोटहरूले तीस गुणा, केहीले
साठी गुणा र केहीले सय गुणा जति फल फलाए।"

[9] अनि येशूले भन्नुभयो, "तिमीहरू जसले सुनिरहेकाछौ, मेरो कुरा सुन।" [10] अनि जब येशू एक्लै हुनु
हुन्थ्यो, बाह्रजना प्रेरितहरू र उहाँका अरू चेलाहरूले उहाँले भन्नुभएको दृष्टान्तहरूको बारेमा सोध्न

थाले। [11] येशूले भन्नुभयो, "खाली तिमीहरूले मात्र परमेश्वरको राज्यको रहस्य बारे जान्नसकछौ। तर अरू मानिसहरूलाई म दृष्टान्तहरू भनेरै सबै कुरा सिकाउँछु। [12] किनकि, 'तिनीहरू हेर्न त हेर्छन् तर तिनीहरू देख्दैनन्, तिनीहरू सुन्न त सुन्छन्, तिनीहरू बुझ्दैनन्। यदि तिनीहरूले देखे र बुझे भने, तिनीहरू बद्लिनेछन् र क्षमा पाउनेछन्।'"

- येशूमा विश्वास नगर्ने मानिसहरूले उहाँले दृष्टान्तमा भन्नुभएको कुरा बुझेनन् ।

- तर येशूलाई विश्वास गर्ने मानिसहरूले भने उहाँले भन्नुभएको कुरा बुझे ।

- यदि तपाईंलाई सत्य थाहा छ भने मात्रै परमेश्वरले तपाईंलाई सिकाउनुहुन्छ ।

- यदि तपाईं सत्य जान्न उत्सुक हुनुहुन्न भने परमेश्वरले तपाईंलाई सिकाउनुहुन्न ।

- जब येशूका चेलाहरूले त्यस दृष्टान्तको अर्थ सोधे येशूले तिनीहरूलाई यस्तो जवाफ दिनुभयो ।

आउनुस् मर्कूस ४:१३-१४ पद पढौं ।

[13] येशूले आफ्ना चेलाहरूलाई भन्नूभयो, "के तीमीहरूले यो कथा बुझ्न सक्छौ? यदि तिमीहरूले बुझ्न सकेनौ भने कसरी अरू दृष्टान्त भुझ्ने छौ? [14] यो किसान त्यस्तै एक जना मानिस जस्तै हो जसले परमेश्वरको वचनलाई छर्दछ।

- दृष्टान्तमा बीउ के हो ?

- बीउ परमेश्वरको वचन हो ।

- बीउ रोप्ने को हो ?

- परमेश्वरको वचन सिकउनेचाहिँ बीउ रोप्ने हो ।

- येशूले भन्नुभयो जसरी बीउ रोप्नलाई माटो फरक फरक हुन्छ त्यसरी नै परमेश्वरको वचन रोप्नको लागि मानिसहरूको हृदय पनि फरक फरक हुन्छ ।

- येशूले भन्नुभयो कोही मानिसहरूको हृदय बाटोजस्तै हो ।

आउनुस् मर्कूस ४:१५ पद पढौं ।

[15] कहिलेकाहीं ती वचनहरू बाटोतिर छरिन्छन। यी सब ती मानिसहरू जस्तै हुन् जसले परमेश्वरको वचन सुन्दछ, अनि शैतान आउँछ अनि तिनीहरूमा रोपिएका वचनलाई लगेर जान्छ।

- बाटोको माटो कस्तो हुन्छ ।

- धेरै नराम्रो ।

- यो किन धेरै नराम्रो हुन्छ ।

- किनभने धेरै मानिसहरू त्यसमा हिँड्छन् ।

- यदि किसानले साह्रो बाटोमा बीउ रोप्यो भने के यसले फल फलाउँछ ?

- फलाउँदैन ।

- किन बाटोमा रोपेको बीउले फल फलाउँदैन ?

- किनभने बाटो धेरै साह्रो हुन्छ र बीउ जमिनमा रोपिनै पाउँदैन ।

- त्यसपछि चरा वा अरु जनावर त्यहाँ आउछन् र त्यसलाई खाइदिन्छन् र त्यो हुर्कनै पाउँदैन ।

- येशूले भन्नुभयो केही मानिसहरूको हृदय त्यही साह्रो बाटोजस्तै हुन्छ ।

- को मानिसहरू त्यही साह्रो बाटोजस्ता हुन् ?

- जसको हृदय कडा छ ।

- परमेश्वरको वचन तिनीहरूको हृदयमा रोप्नै पाउँदैन ।

- तिनीहरू परमेश्वरको कुरा सुन्नै चाहदैनन् ।

- तिनीहरू आफूलाई परमेश्वरको कुरा सिकाएको चाहदैनन् ।

- तिनीहरू केवल आफ्नै पुर्खाको बाटो पछ्याउन चाहन्छन् ।

- जब यस्ता मानिसहरूले परमेश्वरको वचन हुन्छन् तिनीहरूले चाँडै यो कुरा बिर्सन्छन् ।

- त्यसपछि शैतान आउँछ र तिनीहरूबाट परमेश्वरको वचन खोसेर लैजान्छ ।

- के तपाईंको हृदय यस्तै बाटोजस्तो छ ?

- येशूले भन्नुभयो केही मानिसको हृदय ढुङ्गेनी माटोजस्तो हुन्छ ?

आउनुस् मर्कूस ४:१६-१७ पद पढौं ।

16 “अरूहरू चट्टान भएको माटोमा छरिएका बीऊहरू जस्तै हुन तिनीहरू वचन सुन्दछन् अनि
तत्कालै आनन्दसाथ स्वीकार गर्दछन्। 17 तर तिनीहरूले आफ्नो जीवनमा गहिरो रूपमा ती वचनहरू
ग्रहण गर्दैनन्। तिनीहरूले क्षणिक रूपमा मात्र यसलाई ग्रहण गर्दछन्। र जब वचनको कारणले
तिनीहरू संकट अनि खेदोमा पर्छन् झट्टै तिनीहरूले विश्वास छोडिदिन्छन्।

- ढुङ्गेनी माटो कस्तो हुन्छ ?

- यो त्यही गहिरो हुँदैन ।

- यो किन त्यति गहिरो हुँदैन ?

- किनभने सतहसँग ढुङ्गैढुङ्गा हुन्छ ।

- यदि किसानले त्यस ढुङ्गेनी माटोमा बीउ रोप्यो भने के त्यसले फल दिन्छ ?
- दिँदैन ।

- ढुङ्गेनी माटोमा रोपेको बीउले किन फल दिँदैन ?

- किनभने माटो धेरै गहिरो हुँदैन र माटोमा जरा धेरै भित्रसम्म जान पाउँदैन ।

- येशूले भन्नुभयो केही मानिसहरू हृदय यस्तै ढुङ्गेनी जमिनजस्तो हुन्छ ।

- कस्ता मानिसहरू यस्तै ढुङ्गेनी जमिनजस्ता हुन्छन् ?

- माथि यी मानिसहरू भन्छन् तिनीहरू परमेश्वरमा विश्वास गर्छन् तर तल भने तिनीहरूमा विश्वास हुँदैन ।

- यी मानिसहरू भन्छन् कि यिनीहरू परमेश्वरमा विश्वास गर्छन् तर समस्या आउँछ र तिनीहरू परमेश्वरबाट तर्केर जान्छन् ।

- यी मानिसहरू भन्छन् कि यिनीहरू परमेश्वरमा विश्वास गर्छन् तर जब तिनीहरू आत्मासँग डराउँछन् र तिनीहरू परमेश्वरको सत्यबाट तर्कन्छन् ।

- के तपाईंको हृदय यस्तै ढुङ्गेनी माटोजस्तै छ ?

- येशूले यो पनि भन्नुभयो कि कसैको हृदय काँडैकाँडाले भरिएको हुन्छ ।

आउनुस् मर्कूस ४:१८-१९ पद पढौं ।

[18] "अरू मानिसहरू काँढाघारीमा परेको बीऊहरू जस्तै हुन्, तिनीहरू वचनहरू सुन्छन्। [19] अनि यी कुराहरू तिनीहरूका जीवनमा आइपर्छ जीवनको चिन्ता, रूपियाँ पैसाको लालच, अनि अरू त्यस्तै थोकहरूको चाहना। यस्ता कुराहरूको कारणले वचनहरूको विकास हुन सक्तैन। अनि वचनहरू तिनीहरूका जीवनमा फलदायी पनि हुँदैनन्।

- काँडैकाँडा भरिएको हृदय कस्तो हो ?

- यो यस्तो हृदय हो जसलाई काँटछाँट गरिएको हुँदैन ।

- यदि किसानले यस्तै काँडे ठाउँमा बीउ रोप्यो भने फल फल्छ ।

- फल्दैन ।

- काँडैकाँडा भएको ठाउँमा बीउ रोप्यो भने किन फल्दैन ?

- किनभने धेरै काँडाले त्यस बिरुवालाई ढाकिदिन्छन् ।

- येशूले भन्नुभयो केही मानिसहरूको हृदय यस्तै काँडे ठाउँजस्तै हुन्छ ।

- कस्ता मानिसहरू यस्तै काँडे ठाउँजस्तै हुन् ?

- यी मानिसहरू भन्छन् कि यिनीहरू परमेश्वरमा विश्वास गर्छन् तर तिनीहरूका इच्छाहरू परमेश्वरभन्दा धेरै महत्वपूर्ण ठान्छन् ।

- यी मानिसहरू भन्छन् कि यिनीहरू परमेश्वरमा विश्वास गर्छन् तर धेरै पैसा कमाउनु परमेश्वरभन्दा धेरै महत्वपूर्ण ठान्छन् ।

- यी मानिसहरू भन्छन् कि यिनीहरू परमेश्वरमा विश्वास गर्छन् तर धेरै ठूलो घर बनाउनु वा धेरै बस्तुभाउ राख्नु परमेश्वरभन्दा धेरै महत्वपूर्ण ठान्छन् ।

- के तपाईंको हृदय यस्तै काँडे ठाउँजस्तै छ ?

- येशूले यो पनि भन्नुभयो कि केही मानिसको हृदय असल माटो जस्तै हुन्छ ।

आउनुस् मर्कूस ४:२० पद पढौं ।

[20] "अरू मानिसहरू मलिलो माटामा रोपिएका बीऊहरू झैं हुन्छन्। तिमीहरू वचन सुन्छन् ग्रहण गर्छन् अनि वचनहरू तिनीहरूमा बढ्छन् र फल दिने योग्य हुन्छन् केहिले तीस गुणा, केहिले साठी गुणा, अनि केहिले सय गुणा सम्म।"

- असल माटो कस्तो हुन्छ ?

- यो माटो असल तरिकाले खनजोत गरिएको हुन्छ ।

- यदि कुनै किसानले यस असल माटोमा बीउ रोप्यो भने के यसले फल दिन्छ ?

- दिन्छ ।

- किन ?

- किनभने माटो कडा हुँदैन ।

- किनभने माटो धैरै गहिरो हुन्छ ।

- किनभने त्यहाँ काँडा हुँदैन ।

- किनभने माटो राम्रोसँग खनजोत गरिएको हुन्छ ।

- कस्ता मानिसहरू असल माटोजस्तै हुन् ?

- यी मानिसहरू परमेश्वरको वचन सुन्छन् यसलाई पूर्णरूपले सुन्छन् र अझ धैरै फल फलाउँछन् ।

- यी मानिसहरूलाई आफू पापमा जन्मिएको हुँ भन्ने कुरा थाहा हुन्छ ।

- यी मानिसहरूलाई तिनीहरूको पापको ज्याला मृत्यु हो भन्ने थाहा हुन्छ ।

- यी मानिसहरूलाई केवल परमेश्वरले मात्रै तिनीहरूलाई बचाउन सक्नहुन्छ भन्ने थाहा हुन्छ ।

- यी मानिसहरू उद्धारकर्ता येशूमा विश्वास गर्छन् ।

- यी मानिसहरू परमेश्वरको वचनमा विश्वास गर्छन् र धेरै फल फलाउँछन् ।

- के तपाईंको हृदय असल माटो जस्तै छ ?